# निरन्तर मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अबस्था

स्नातकोत्तर तह(एम.एड.) द्वितीय वर्षको आंशिक आवश्यकत पूरा
गर्नका लागि तयार पारिएको

**शोधपत्र**

**शोधकर्ता**

मोहन कुमार गौतम
परीक्षा क्रमाङ्क : २०६०००६/२०७१
त्रि.वि.दर्ता नं. ९-२-४१९-२२-२००८

त्रिभुवन विस्वविद्यालय, शिक्षा शास्त्र संकाय
पाठ्यक्रम तथा मुल्याङ्कन बिभाग
ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा
२०७५

# प्रतिज्ञा-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय ओखलढुङ्गा क्याम्पस ओखलढुङ्गा पाठ्यक्रम तथा मुल्यङ्गन बिभाग अन्तर्गत एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि आदरणीय सह-प्राध्यापक तोया काफ्ले.ज्यूको प्रत्यक्ष निर्देशन तथा सहयोगमा प्रस्तुत शोधकार्य गरेको छु । शोधकार्य गर्नका लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्ने काम सम्बन्धित क्षेत्रमा आफैं प्रत्यक्ष संलग्न भएर गरेको हुँ । शोधकार्य गर्नका लागि विभिन्न लेख, रचनाहरू, सन्दर्भ पुस्तकहरू तथा अन्य सामग्रीहरू जुटाएर त्यसबाट प्राप्त तथ्य तथ्याङ्कहरूलाई गौण स्रोतको रूपमा लिएको छु । यस शोधग्रन्थ मैले अथक प्रयासले आफ्नै मौलिकशैली र भाषामा आफैले अध्ययन गरी तयार गरेको छु । यो कसैको शोधग्रन्थसँग हुवहु मेल खाएमा नियमानुसारको कारवाही सहने छु भनी यो प्रतिज्ञा व्यक्त गरेको छु ।

..........................

**मोहन कुमार गौतम**

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय,  पाठयक्रमा तथा मुल्याङ्गन विभाग, ओखलढुङ्गा क्याम्पस, ओखलढुङ्गा, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षका विद्यार्थी मोहन कुमार गौतम ले **नरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गरिएको छ ।

.................................

तोया काफ्ले .

शोध निर्देशक

**मिति :**

# ओखलढुंगा क्याम्पस ओखलढुंगा
# Okhaldhunga Campus, Okhaldhunga

(त्रि.वि.वि. सम्बन्धन प्राप्त

पत्र संख्याः
चलानी नम्बरः ●♎●♦ 💣–

**स्वीकृति-पत्र**

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, पाठयक्रमा तथा मुल्याङ्कन विभाग, ओखलढुङ्ग क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी मोहन कुमार गौतमले **निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको स्थिति** शीर्षकमा शोधपत्र तयार गरी अन्तिम मूल्याङ्कनका लागि पेश गर्नु भएकोले यस शोधपत्रलाई अन्तिम मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**मूल्याङ्कन समिति**

| **नाम थर** | **हस्ताक्षर** |
|---|---|
| १. ................................. <br> विभागीय प्रमुख | ............................ |
| ३. ................................. <br> शोध निर्देशक | ............................. |
| २. ................................. <br> वाह्य परिक्षक | ............................. |

मिति :

# कृतज्ञता ज्ञापन

शिक्षा मानव जीवनको अभिन्न अङ्ग हो । शिक्षा विना सहज जीवनयापन गर्न गाह्रो हुन्छ । यसमा पनि सभ्य र सुखमय जीवन यापनका लागि गुणस्तरीय शिक्षा आवश्यक हुन्छ । गुणस्तरीय शिक्षा प्राप्त गर्नको लागि उचित र व्यवस्थित शिक्षा प्रणाली हुनु जरुरी छ । शिक्षा क्षेत्रमा देखिएका कमिकमजोरी हटाई शिक्षालाई समयसापेक्ष र व्यवहारिक बनाउनका लागि शिक्षाको औचित्यपूर्ण व्यवस्थापन अपरिहार्य हुन्छ । यसै सन्दर्भमा दक्ष जनशक्तिका लागि आधार मानिने प्राथमिक तहमा अध्ययनरत विद्यार्थीहरूको शैक्षिक गुणस्तरका लागि भएका प्रयास मध्ये निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अवस्था सन्दर्भमा शिक्षा शास्त्र संकाय, स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले यो शोध तयार गरिएको छ ।

शोधकार्य गर्नु आफैमा जटिल कार्य हो । जसरी पानीको मुहान पत्ता लगाएछि मात्र त्यसलाई जडान गरेर धारासम्म ल्याउन सकिन्छ । त्यसैगरी कुनै पनि अध्ययनको अनुसन्धान गरेर त्यसमा रहेको समस्याको जड्डो पत्ता लगाई त्यसलाई सुधार गर्ने उपायको समेत जानकारी प्रदान गर्नु सजिलो कार्य होइन । यसै क्रममा स्नातकोत्तर तह पुरा गर्ने शिलशिलामा **निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था** शीर्षकमा शोधपत्र तयार गर्ने क्रममा मलाई सल्लाह सुझाव दिनुहुने शोधको शीर्षक छनोटदेखि शोध कार्य पूरा गर्ने कार्यसम्मको लागि मलाई सहयोग सल्लाह र सुझाव दिनु हुने शोध निर्देशक सह-प्रध्यापक **तोया काफ्ले** . लगायत अन्य गुरुवर्गप्रति हार्दिक आभार प्रकट गर्दछु ।

त्यसैगरी आवश्यक जानकारी र तथ्याङ्क उपलब्ध गराउनु हुने कालिका मा.वि.सिस्नेरीका प्र अ शिव प्रसाद दाहाल ,स्रोत व्यक्ति शान्त बहादुर कार्की लगायत अन्य शिक्षकहरू र कर्मचारीलाई धन्यावाद दिन चाहन्छु । यस कार्यमा थप प्रेरणा दिने साथै सल्लाह सुझाव दिने जीवन साथी **अस्मिता अधिकारी** लाई विशेष धन्यवाद अनि भाषा सम्पादन तथा कम्प्युटर डिजाईनमा सघाउनु हुने कुन्तादेवी स्टेशनरी सेन्टर ओखलढुंगाका **भिम गौतम** लाई पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

**मोहन कमार गौतम**

# *शोधसार*

प्रस्तुत अध्ययन ओलढुङ्गा जिल्ला सुनकोशी गाँउ पालिका स्थित श्री कालिका मा.वि सिस्नेरी स्रोत केन्द्रमा पर्ने पाँचओटा सामुदायिक विद्यालयको प्राथमिक तह **निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयनको अबस्था** मा आधारित भएर तयार पारिएको छ।

यस शोध अध्ययनको उद्देश्य प्राथमिक तहको कक्षा १-३ को निरन्तर मूल्याङ्कन प्रणालीको नितिगत प्रावधान र विद्यालयमा यसको कार्यन्वयनको स्थिति पहिचान गर्ने, निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारीता विश्लेषण गर्ने र निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यन्वयनमा देखिएका समस्या पहिचान गरी समाधानको उपायहरूको खोजी गर्ने रहेको छ भने यसको परिस्थितिमा कालिका मा.वि सिस्नेरी स्रोत केन्द्रमा पर्ने ५ वटा सामुदायिक विद्यालयको निरन्तर मूल्याङ्कन प्रणालीको कार्यन्वयनमा मात्र केन्द्रित रहेको छ। शोधपत्रलाई वस्तुपरक ढङ्गले तार्किक निष्कर्षमा पुऱ्याउने शोधसँग सम्बन्धित लेखरचना कृतिहरूको पुनरावलोकनका साथै CIPP Model र लेविनको सिद्धान्तलाई एकाकार गरिएको छ।

स्रोतकेन्द्र मध्य बाट एउटा स्रोतकेन्द्र गोलाप्रथाबाट, स्रोतकेन्द्र भित्रका २० वटा विद्यालय मध्य वाट गोलाप्रथावाट ५ विद्यालय छनौट, स्रोत व्यक्ति, वि.नि., जि.शि.अ. स्वत, ५ विद्यालयको ५ अध्यक्ष, ५ प्र.अ. स्वत, शिक्षक, विद्यार्थी र अभिभावक गोला प्रथावाट छनौट गरिएको छ।

शोधपत्र तयार गर्ने क्रममा मिश्रित ढाँचालाई अवलम्बन गरिएको छ भने जनसङ्ख्याबाट नमुना छनोट विधि तथा उद्देश्यमूलक छनोटबाट गरिएको छ। प्रश्नवाली, अवलोकन फारम, लक्षित समूह छलफल निर्देशिकालाई अध्ययनका साधन र विधिका रूपमा अन्तरवार्ता, छलफल, अवलोकनलाई प्रयोग गरिएको छ। शोध अध्ययनको उद्देश्य पूरा गर्न चाहिने तथ्याङ्क सङ्कलन गर्न प्राथमिक र द्वितीय दुबै स्रोतबाट तथ्याङ्क सङ्कलन गरी तथ्याङ्कलाई उद्देश्यको क्रमानुसार व्याख्या विश्लेषण गरिएको छ।

निरन्तर मूल्याङ्कनको प्रणालीको स्थिति पहिचान गर्ने क्रममा नीतिगत प्रावधान र उपयोगको अवस्था हेर्दा प्राथमिक तह कक्षा १-३ मा निरन्तर मूल्याङ्कन प्रणाली उदार कक्षोन्नति गर्ने नीतिगत व्यवस्था भए पनि नमुना छनोटमा परेको विद्यालयको उपयोगको स्थिति हेर्दा निरन्तर मूल्याङ्कन प्रणालीको साथसाथै परीक्षा प्रणाली अपनाइएको पाइयो। कक्षा १-३ सम्म १००% को आधारमा उदार कक्षोन्नती

गराउनु पर्ने व्यवस्था छ । यही व्यवस्था अनुरूप विद्यालयको निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन झन्झट लिने गरेको देखियो भने निरन्तर विद्यार्थी मूल्याङ्कनप्रति सरोकारवाला धारणा बुझ्दा निरन्तर मूल्याङ्कन प्रणालीबाट उदार कक्षोन्नतीबाट गर्दा नीतिगत व्यवस्था स्पष्ट नहुनु, शिक्षकहरूले झन्झट मान्नु, शिक्षकलाई पुनर्ताजकी तालिमको व्यवस्था नगर्नु सरोकारवालाहरूको समन्वय नहुनु जस्ता धारणा रहेको पाइयो । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई उपयोग गर्ने क्रममा विद्यालयले भोग्नु परेका समस्याहरूमा भौतिकस साधनको अभाव हुनु, शिक्षकले तालिममा सिकेको कुरा कक्षाकोठामा प्रयोग नगर्नु, नियमित अनुगमन तथा सुपरिवेक्षण नहुनु, शिक्षकलाई दण्ड र पुरस्कार व्यवस्था नहुनु, आर्थिक अवस्था सुदृढ नहुनु रहेको पाइयो । कक्षा एकदेखि तीनसम्मका लागि व्यवस्था भएको निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्थापनको थालनी भएतापनि प्रभावपूर्ण नभएको पाइयो । साथै परीक्षण अवधिमा निरन्तर मूल्याङ्कन प्रणाली प्रभावकारी रहेको पाइएतापनि परीक्षणको असर सकारात्मक रहेको पाइएन । निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न शिक्षक तालिमको अभाव, औजार तथा सूचक फारामको अभाव, भौतिक व्यवस्थाको अभाव, मूल्याङ्कन विधिको अस्पष्टता, प्रधानाध्यापक/प्राचार्य, शिक्षक, अभिभावक तथा सरोकारवालामा यसप्रतिको विश्वासको सङ्कट जस्ता मुख्य समस्या रहेको पाइयो ।

निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न शिक्षक तालिम, भौतिक व्यवस्था, अभिभावक सचेतना कार्यक्रम, वैज्ञानिक औजार तथा सूचक फाराम विकास तथा सघन राष्ट्रिय अभियान चाल्नुपर्ने देखिन्छ । देखिएका समस्या समाधान गर्न सरकारले शिक्षक तालिम र यसका लागि उपयुक्त भौतिक साधन स्रोत जुटाउन विशेष पहल गर्न अब ढिलाई गर्न नहुने कुरा अध्ययनबाट देखिएको छ ।

# विषयसूची

**पेज नं.**

प्रतिज्ञा-पत्र i

सिफारिस-पत्र ii

स्वीकृति-पत्र iii

कृतज्ञाता ज्ञापन iv

शोधशार v

विषय सूची vi

**परिच्छेद एक : परिचय**

१.१. अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ८

१.३ अध्ययनको औचित्य १०

१.४ अध्ययनको उद्देश्य ११

१.५ अनुसन्धानात्मक प्रश्नहरू १२

१.६ अध्ययनको परिसीमा १२

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १५

२.२ सैद्धान्तिक खाका १७

२.३ पुनरावलोकनको उपादेयता २०

## परिच्छेद तीन : अनुसन्धान विधि


३.१ अनुसन्धान ढाँचा २१

३.२ जनसङ्ख्या २१

३.३ नमुना छनोट विधि २१

३.४ अध्ययन साधन र विधि २३

३.५ तथ्याङ्कका स्रोतहरू २६

३.६ बैधता र विश्वसनीयताको निर्धारण २६

३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २६


## परिच्छेद चार : नतिजाको छलफल/विश्लेषण


४.१ निरन्तर मूल्याङ्कन प्रणालीको नीतिगत प्रावधान विद्यालयमा यसको उपयोगको स्थिति २७

४.२ निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारिताको विश्लेषण ३६

४.३ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उपयोग गर्ने क्रममा आइपरेका समस्याहरू ३८

४.४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको उपयोगमा देखिएका समस्या समाधानका उपायहरू ३९


## परिच्छेद पाँच : सारांश र सुझावहरू


५.१. सारांश ४२

५.२ सुझावहरू ४४

**सन्दर्भ सामग्रीहरू** **४८**

**अनुसूचीहरू**